आज मिति २०८१ साल मंसिर ५ गते बुधबारका दिन कालिका गाउँपालिका, गाउँ कार्यपालिकाको आ. व. २०८१/८२ को पाँचौं बैठक गाउँपालिकाका अध्यक्ष श्री हरिकृष्ण देवकोटा ज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा बसी देहायका विषयवस्तुहरुमा छलफल गरी निर्णय गरियो।

<u>उपस्थिति:</u>

अध्यक्ष: श्री हरिकृष्ण देवकोटा

उपाध्यक्ष: श्री मिरा तामाङ

वडा अध्यक्ष: श्री दावा तामाङ, कालिका -१

वडा अध्यक्ष: श्री उमेश बहादुर न्यौपाने, कालिका– २

वडा अध्यक्ष: श्री फणिन्द्र प्रसाद न्यौपाने, कालिका– ३

वडा अध्यक्ष: श्री खेसम तामाङ, कालिका– ४

वडा अध्यक्ष: श्री सन्दिप पौडेल, कालिका– ५

का. पा. .स: श्री किप्पा थोक्रा

" " " श्री लाल माया तामाङ

" " " श्री दुर्गा भट्ट

" " " श्री सर्मिला घले

" " " श्री छेजी याल्मो घले

" " " श्री कृष्ण बहादुर विश्वकर्मा

सचिव: श्री कृष्ण वहादुर के.सी. कुँवर, प्रमुख प्रशासकीय अधिकृत

<u>आमन्त्रित</u>

लेखा अधिकृत श्री वाचस्पति सुनुवार

लेखा अधिकृत श्री गोपी पराजुली

शाखा अधिकृत श्री लिलानाथ नेपाल

सू.प्र.अ. श्री उमेश देवकोटा

क.अ. श्री विष्णु देवकोटा

MB operator, नवराज पौडेल

## प्रस्ताव तथा छलफलका विषयहरू:

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।
२. सहायकस्तरको माग आकृति फारम भरी पठाउने सम्बन्धमा ।
३. सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका विषयवस्तुहरुको सम्बोधन सम्बन्धमा ।
४. अवलोकन भ्रमण सम्बन्धमा ।
५. हुलाक कार्यालय र शिक्षा तर्फको USAID को आयोजनासंचालनका लागि कोठा उपलब्ध गराउने सम्बन्धमा ।
६. विपद् कोषबाट आगलागी पिडितका लागि तत्काल राहत स्वरुप उपलब्ध गराईएको सामाग्रीको खर्च अनुमोदन सम्बन्धमा ।
७. गाउँपालिकास्तरीय ईमेलको व्यवस्थापन सम्बन्धमा ।
८. गाउँपालिकाको साईनबोर्ड र लेटरप्याडमा तामाङ लिपीको प्रयोग सम्बन्धमा ।
९. उपाध्यक्ष विकास कार्यक्रमबाट रकम बाँडफाँड सम्बन्धमा ।
१०. विपद् कोषबाट विपन्न नागरिकको किरिया खर्च भुक्तानी सम्बन्धमा ।
११. शहिद स्मृत्ति खेल मैदानको डि.पि.आर. स्विकृती सम्बन्धमा ।
१२. धैवुङ खानेपानी आयोजना तथा निर्माण व्यवसायीलाई ताकेता सम्बन्धमा ।
१३. आर्थिक सहायता सम्बन्धी कार्यविधि २०८१ सम्बन्धमा ।
१४. विविध ।

## निर्णयहरू:

**निर्णय नं. १**

कालिका गाउँपालिकाको मिति २०८१।०७।०७ गते बसेको आ.व. २०८१/०८२ को चौंथो कार्यपालिका बैठकको निर्णय कार्यान्वयको समिक्षा गर्दा निर्णयहरु अधिकांश कार्यान्वयन भएको पाईयो ।

**निर्णय नं. २**

बागमती प्रदेश लोक सेवा आयोगको मिति २०८१/०७/२१ च.नं. १४७ को माग आकृति फारम पठाउने सम्बन्धमाको पत्र वाचन गरी कार्यपालिका समक्ष सुनाईयो र सो सम्बन्धमा यस गाउँपालिका र अन्तरगत खाली रहेका तपशिल बमोजिमको स्विकृत विभिन्न सेवा समूह उपसमूहका सहायक पाँचौं तहका दरवन्दीको माग आकृति फारम भरी पठाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

तपशिल:

| सि.नं. | पदको नाम | पद संख्या | श्रेणी तह | सेवा | समूह | उपसमूह | रिक्त पद संख्या | कै |
|---|---|---|---|---|---|---|---|---|
| १. | सव इन्जिनियर | ७ | सहायक पाँचौ | इन्जिनियरिङ्ग | सिभिल | सिभिल | ४ | |
| २. | खा.पा.स.टे | १ | सहायक पाँचौ | इन्जिनियरिङ्ग | सिभिल | स्यानेटरी | १ | |
| ३. | वैद्य | १ | सहायक चौथो/पाँचौ | स्वास्थ्य | आयुर्वेद | ज.आयुर्वेद | १ | |
| ४. | अ.न.मी | ५ | सहायक चौथो/पाँचौ | स्वास्थ्य | हे.इ. | हे.इ | १ | |

**निर्णय नं. ३**

कालिका गाउँपालिकाको आयोजना र रेडियो लाङ्टाङ ९०.३ मेगाहर्जको सहजीकरणमा मिति २०८१ कार्तिक २९ गते कालिका-२ धैवुङ रसुवामा सम्पन्न भएको सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका तपशिलका विषयवस्तुहरुमा तपशिल बमोजिम सम्बोधन गरी कार्यान्वयनका लागि प्रमुख प्रशासकिय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

तपशिल

| क्र.सं. | उठेका सवाल/समस्याहरु | सवालको सम्बोधन/समाधानका लागि गरिने कार्य |
|---|---|---|
| १ | विद्यालयको अवस्था शिक्षक नियुक्तीमा अनाधिकृत हस्तक्षेप भएको विद्यालयहरुको सामाजिक लेखापरिक्षण सम्बन्धमा । | विद्यालयको पठन पाठन तथा भौतिक अवस्थाको विषयमा बुझ्न गाउँपालिका बाट नियमित अनुगमन गर्न, शिक्षक नियुक्ती प्रक्रिया पारदर्शी र निष्पक्ष हुने व्यवस्था मिलाउन र हरेक वर्ष विद्यालयको सामाजिक लेखापरिक्षण गरी प्रतिवेदन सार्वजनिक हुने व्यवस्था मिलाउन शिक्षा शाखा प्रमुखलाई निर्देशन दिने । |

| क.सं. | उठेका सवाल/समस्याहरु | सवालको सम्बोधन/समाधानका लागि गरिने कार्य |
|---|---|---|
| २ | डि.डि.सी.बाट किसानको दुधको पैसा समयमै भुक्तानी नभएको, कृषि र पशुमा देखिने कार्यक्रम तथा अनुदान नभएको | डि.डि.सी.लाई कृषकहरुको दुधको पैसा समयमै भुक्तानी गर्न अनुरोध गर्ने र कृषि र पशु क्षेत्रमा आगामी आ.व.मा प्रभावकारी कार्यक्रम संचालन गर्न गराउन पहल गर्ने । |
| ३ | किसानलाई मल र विउ समयमै उपलब्ध भएन कृषिको पकेट क्षेत्र घोषणा गरेर काम गर्नुपर्ने | मल र विउको लागि सिजन/समयमा उपलब्ध गराउन कृषि शाखालाई निर्देशन दिने साथै व्यवसायीक कृषिका लागि पकेट क्षेत्र कार्यक्रम तायर गरी लागु गर्ने तथा गराउने |
| ४ | धारापानी रूप्सेपानी जिवजिवे ज्याङलाङ सडक स्तरोन्नती तथा निर्माण कार्य एकदमै सुस्त गतिमा भएको सडकको काम जिरो बाट नगरी सजिलो स्थानबाट मात्र भएको ठेकेदारलाई पालिकाले जिरोबाट निर्माण कार्य सुरु गर्न लागउनु पर्ने | उक्त सडक निर्माण कार्य गर्ने संघिय सरकार र प्रदेश सरकारका निकायको ध्यानाकर्षण गाउँपालिकाबाट गराउने । |
| ५ | धैवुङ खानेपानी आयोजनाको काम समयमै नभएर बजेट फिर्ज गएको सुनियो यस्तो किन भएको हो | प्रदेश सरकारको समपुरक अनुदान र विशेष अनुदान गरी धैवुङ खानेपानी स्किम नं. १ का लागि रु २ करोड र स्किम नं. २ का लागि १ करोड विनियोजन भएकोमा डिपिआर तथा ठेक्का प्रक्रियामा समय खर्च हुँदा ढिलो ठेक्का सम्झौता भएकाले र स्थानीय स्तरमा विभिन्न विवादहरु भएकाले गर्दा समयै काम सम्पन्न हुन नसकि गाउँपालिकाबाट ठेक्का अनुसारको काम सम्पन्न हुने गरी चालु आ.व. २०८१/८२ मा समेत बजेट सुनिश्चितता भएकोले समयै काम सक्न निर्माण व्यवसायीलाई ताकेता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने । |
| ६ | कालिका गाउँपालिका भित्र कति प्रतिशत सडक यातायातको पहुँच रहेको छ ? पासाङ् ल्हामु मार्गमा ठूला ठूला गाडि गुडेका छन, सडक खाल्टो परेको छ, यसमा गाउँपालिकाको सोच के छ ? सोलार वत्ति सबै सडक र सार्वजनिक स्थालहरुमा किन पुगेको छैन ? कालिका क्याम्पसमा कती छोरी वुहारीले गाउँपालिकाबाट छात्रवृत्ति पाएका छन ? | कालिका गाउँपालिकाको सबै वडा कार्यालय र वस्तीहरुमा हिउँद याममा यातायातको पहुँच रहेको । पासाङ ल्हामु मार्ग गाउँपालिकाको क्षेत्राधिकारभित्र नपर्ने हुँदा सडक कार्यालयलाई सडक मर्मतका लागि निरन्तर ताकेता गर्ने । सबै सडक र सार्वजनिक स्थलहरुमा सौर्य वत्ती व्यवस्थापन गर्ने गरी गाउँपालिकाले नियमित कार्य गरिरहेको छ । छोरी तथा वुहारी लगायत विपन्न जेहेन्दान छात्रवृत्तिका लागि गाउँपालिकाले बजेट सुनिश्चित गरी उपलब्ध गराएकोले सो को प्रभावकारीता अध्ययन गर्न शिक्षा शाखालाई निर्देशन दिने । |
| ७ | कालिका गाउँपालिकाले निर्माण गरेको अपांग असहाय मानव सेवा आश्रमको उपयोगका लागि गाउँपालिकाले के गर्दैछ | कालिका गाउँपालिकाको वडा नं. २ मा ठेक्का प्रक्रिया मार्फत निर्माण भएको अपांग असहाय मानव सेवा आश्रम भवनको केही निर्माण कार्य ठेकेदारबाट हुन बाँकी रहेकोले उक्त निर्माण कार्य यथाशिघ्र सम्पन्न गराउने र उक्त भवनको प्रयोग तथा उपयोगका लागि योजना तथा प्रस्ताव बनाई पेश गर्न महिला तथा बालबालिका शाखालाई निर्देशन दिने । |
| ८ | शिक्षा क्षेत्रमा शिक्षकहरुको नियुक्ती तथा कामकाजमा राजनीतिकरण भएको तथा कालिका हिमालय क्याम्पसबाट राजनितिक पूर्वाग्रह राखी शिक्षकहरु निकालेको | गाउँपालिकाले शिक्षक नियुक्ती तथा कामकाजमा कुनै राजनीतिक पुर्वाग्रह नराखेको र कालिका हिमालय क्याम्पसको हकमा गाउँपालिकाको क्षेत्राधिकार भन्दा वाहिर रहेकोले क्याम्पस प्रमुखले दिएको जवाफ नै सहि भएको । |
| ९ | गाउँपालिकाले स्वास्थ विमामा ठूलो लागनी गरेको तर स्वास्थ विमाको उपचार गराउने जिवजिवे ग्रामीण अस्पतालमा भिडियो एक्स्रे लगायतका उपकरणहरु विग्रिएकोले विरामीले दुख पाएको तथा विमाबाट पाउने औषधीहरु अस्पतालमा उपलब्ध नभएको | सबै नागरिकले निशुल्क स्वास्थ उपचार पाउन भन्ने ध्ययका साथ गाउँपालिकाले स्वास्थ विमाका लागि बजेट व्यवस्थापन गरेको साँचो हो । अस्पतालले दिने सेवाका लागि आवश्यक उपकरण र औषधी यथाशिघ्र चुस्त दुरुस्त राख्न स्वास्थ शाखा मार्फत निर्देशन दिने । |
| १० | कालिकास्थान महिला सहकारी संस्थाको भवन निर्माण सम्पन्न हुन सकेको छैन त्यसमा पालिकाको सहयोग खै | उक्त सहकारी संस्था नाफामुलक सहकारी भएकाले गाउँपालिकाबाट रकम विनियोजन गर्न नसकिएको तथापी अन्य सक्दो सहयोग गाउँपालिकाबाट भैरहेको छ । |
| ११ | प्राविधिक कर्मचारीहरुले ठेक्का तथा उपभोक्ता मार्फत संचालित आयोजनाको विल उठाउँदा रकम माग्ने गरेको | कुनै पनि ठेक्का तथा उपभोक्ता मार्फत संचालन हुने आयोजनाको विल उठाउँदा प्रविधिक कर्मचारीहरुले पैसा/रिसवत माग गरेको भन्ने आरोप निराधार रहेको र प्रमाण सहित पेश भएमा नियमानुसार कारवाही प्रक्रिया अगाडि बढाउने तथा प्राविधिक कर्मचारीलाई सचेत गराउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने |

निर्णय नं. ४

कालिका गाउँपालिका पशुसेवा शाखा तर्फको चालु आ.व. २०८१/०८२ को अन्तर जिल्ला अवलोकन भ्रमण कार्यक्रम शिर्षकबाट मिति २०८१/०८/१० देखि १६ गते सम्म नुवाकोट धादिङ चितवन नवल परासी कोहलपुर सुर्खेत कालिककोट हुँदै रारा मुगुका विभिन्न स्थानमा अध्ययन अवलोकन गर्ने र उक्त अवलोकन भ्रमण कार्यक्रममा कार्यपालिका टिप पुरै, सम्बन्धित विषयगत शाखाका कर्मचारीहरु, प्रविधिकधार अध्ययन हुने विद्यालयका शिक्षक तथा कर्मचारीहरु र कृषकहरु सहभागी हुने गरी पशुसेवा शाखाबाट पेश भएको कार्यतालिका स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

एक पालिका एक हुलाक संचालन गर्न कार्यालय प्रयोजनार्थ जिल्ला हुलाक कार्यलय रसुवाको पत्रानुसार कालिका गाउँपालिकाको पुरानो कार्यालय भवनमा एक वटा कोठा उपलब्ध गराउने साथै सोही भवनमा USAID को सहयोगमा गाउँपालिका शिक्षा तर्फ सहयोग गर्दै आएको कार्यक्रमका लागि आयोजनाको कार्यालय प्रयोजनार्थ एक कोठा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६**

कालिका गाउँपालिकाको वडा नं. २ मा मिति २०८१/०७/२१ गते राती भएको आगलागीबाट पिडित परिवारलाई तत्काल राहतका लागि स्थानीय विपद् व्यवस्थापन समितिको निर्णयानुसार गाउँपालिकाबाट उपलब्ध गराईएको राहत सामाग्रीको खर्च रु. ४६१४२।– अनुमोदन गरी विपद्/प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

कालिका गाउँपालिकाको इमेलको पहुँच सबै जनप्रतिनिधी तथा कर्मचारीहरुलाई दिइदा पनि इमेल मार्फत प्राप्त भएका पत्रहरु सम्बन्धित जनप्रतिनिधी तथा विषयगत शाखाका कर्मचारीहरुलाई समयमै नपुगेको भनी गुनासो प्राप्त भएको साथै तथा कतिपय सुरक्षित राख्नुपर्ने पत्रहरु ईमेलबाट डिलेट भएको पाईएकोले गाउँपालिकाको इमेल ठेगानाको पासवर्ड तुरुन्त परिवर्तन गरी इमेलको पहुँच गाउँपालिका अध्यक्ष/उपाध्यक्ष, कार्यालय प्रमुख, सुचना अधिकारी, लेखा शाखा प्रमुख र प्रशासन शाखा प्रमुख वा सूचना प्रविधि अधिकृतलाई मात्र दिई इमेल मार्फत प्राप्त भएका वा हुने पत्रहरु सम्बन्धित जनप्रतिनिधी र विषयगत शाखाहरुलाई यथाशिघ्र पठाउने व्यवस्था सूचना अधिकारी र प्रशासन शाखा प्रमुख/सूचना प्रविधि अधिकृतले गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. ८**

कालिका गाउँपालिकाको साईनवोर्ड र लेटरप्याडमा तामाङ लिपीको प्रयोग गर्न गराउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

कालिका गाउँपालिकाको उपाध्यक्ष विकास कार्यक्रमबाट तपशिल बमोजिमको रकम बाँडफाँड गर्ने निर्णय गरियो ।

**तपशिल**

| क्र.सं. | कार्यक्रम/आयोजनाको नाम | ठेगाना | विनयोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | जिवजिवे निलकण्ठ महादेवको शिवमुर्ती अनावरण तथा प्राण प्रतिष्ठान कार्यक्रम | कालिका-५ रसुवा | रु. २,००,०००।- | |
| २ | काभ्रे प्रा.वि. घेराबार निर्माण | कालिका-२ रसुवा | रु. १,५०,०००।- | |
| ३ | वि.क. टोल खानेपानी मर्मत | कालिका-४ रसुवा | रु. १,००,०००।- | |

**निर्णय नं. १०**

कालिका गाउँपालिका भित्र विभन्न भवितव्यमा परि मृत्यु भएका विपन्न दलित समुदायको व्यक्तिको परिवारका सदस्यहरुबाट किरिया खर्च जुटाउन समेत मुस्किल भएकोले आवश्यक सहयोगका लागि गाउँपालिकामा अनुरोध भै आएका तपशिलमा उल्लेखित मृतकका परिवारलाई किरिया खर्च वापत प्रति परिवार रु.१०,०००।– सहयोग प्रकोप/विपद् व्यवस्थापन कोषबाट

**तपशिल**

| क्र.सं. | मृतको नाम थर | निवेदक वा किरिया खर्च पाउनेको नाम | ठेगाना | विनयोजित रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | मनमायाँ परियार | रुपी कुमार भुसाल | कालिका-३ | रु. १०,०००।- | |
| २ | तोया बहादुर दमाई | मिठु नेपाली/गणेश नेपाली | कालिका-३ | रु. १०,०००।- | |
| ३ | रामचन्द्र ढयाकी | सुमित्रा नेपाली/जेठो दमाई | कालिका-३ | रु. १०,०००।- | |
| ४ | आइतराम दमाई | शुन्तली नेपाली/विष्णुमया दमिनी | कालिका-३ | रु. १०,०००।- | |
| ५ | सावित्री सुनार | ठाकुर विश्वकर्मा | कालिका-४ | रु. १०,०००।- | |

निर्णय नं. ११
कालिका गाउँपालिकाको वडा नं. ३ मा वागमती प्रदेश सरकार सँगको समपुरक अनुदानमा संचालन हुने शहिद स्मृति खेलमैदान निर्माणको डिपिआर स्विकृत गरी यथाशिघ्र ठेक्का प्रक्रिया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १२
कालिका गाउँपालिका अन्तरगत वागमती प्रदेश सरकारको समपुरक अनुदान र विशेष अनुदानमा संचालित तपशिलमा उल्लेखित आयोजनाहरुको गुणस्तरीय कार्य सम्पन्न गरी २०८१ कार्तिक मसान्त सम्म भुक्तानी माग गर्न ताकेता गरिएकोमा उल्लेखित निर्माण व्यवसायीहरुले काम सम्पन्न गरी भुक्तानी माग नगरेकोले पुन अन्तिम पटक एक महिनाको समय दिएर गुणस्तरीय कार्य सम्पन्न गरी भुक्तानी माग गर्न पुन ताकेता गर्ने तथा ताकेता भएको समयभित्र भुक्तानी मागका लागि नआएमा नियमानुसार कार्यसम्पादन जमानत जफत गरी कारवाही प्रक्रिया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

तपशिल

| क्र.सं. | आयोजनाको नाम ठेगाना | निर्माण व्यवसायीको नाम | कैफियत |
|---|---|---|---|
| १ | जिवजिवे स्कुल देखि चालिसे फाँट हुँदै नौकुण्ड जाने कृषि सडक कालिका-५ | ईन्द्रावति कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | |
| २ | धैवुङ खानेपानी आयोजना क कालिका-२ | U.R.D.Engineering Construction and Suppliers Pvt.Ltd. | |
| ३ | धैवुङ खानेपानी आयोजना ख कालिका-२ | Rasuwa Engineering and Builders Pvt.Ltd | |

निर्णय नं. १३
कालिका गाउँपालिकाको आर्थिक सहयाता सम्बन्धी कार्यविधि २०८१ स्विकृत गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

निर्णय नं. १४ विविध १
कालिका गाउँपालिका वडा नं. १ अन्तरगतको त्रिशुली खोला नदि किनाराको गुम्चेत तथा बाँदरे क्षेत्रका स्थानीय जग्गाधनी कृषकहरुले आफ्नो जग्गामा बर्षातको पानीले ल्याई थुपारेको नदिजन्य पदार्थ ढुंगा गिट्टी तथा बालुवा उत्खनन गरी विक्री वितरण गरेर जग्गा संरक्षण गर्न पाउँ र सो को लागि गाउँपालिकाबाट राजश्व रसिद उपलब्ध गराई पाउँ भनी सम्बन्धित वडा कार्यालयको सिफारिस साथ दिएको निवेदन उपर छलफल हुँदा ला.रा.नि.का धुन्चेबाट पुर्जी काटेको प्रमाण गाउँपालिकामा पेश गरेमा सोही आधारमा नदिजन्य पदार्थ उत्खनन गरी विक्री वितरण गर्न गाउँपालिकाको राजश्व संकलन रसिद उपलब्ध गराई राजश्व संकलन हुने व्यवस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १४ विविध २
वागमती प्रदेश सरकारबाट चालु आ.व. २०८१/०८२ का लागि कार्यान्वयन गर्न यस गाउँपालिका हस्तान्तरण भै आएको निलकण्ठ मन्दिर वृहत्तर पर्यटन पूर्वाधार निर्माण आयोजनाको डिपिआर गरी यथाशिघ्र ठेक्का प्रक्रिया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।